## पर्वतको मोहपाशमा बाँधिएर

पर्वत मैले तिमीलाई हत्केलामा थामेको छु
तिमीलाई थाम्नुको बोधले
तिमीलाई थाम्ने दायित्वको बोधले
अहिले मेरो छाती एकदमै चौडा
फराकिले भएको छ,

म गर्व गरिरहेछु तिम्रो उच्चतामा
तिम्रो उच्चतालाई नाप्ने आकाँक्षामा
जो सधैँ चुलिएर
माथि आकाशतर्फ लक्षित भएको छ,
मलाई तिम्रो कुनै भार छैन
अङ्गपतनको जस्तो डर छैन
यो कुनै मैले विक्षिप्तको प्रलाप साँचेको होइन
माकुराको जालो च्याती मिल्काएर
म तिम्रो ऐश्वर्य
देदीप्यमान स्वरुप
मेरो कुनै प्रियसीलाई देखाएर, रिझाउन सक्छु ।

उसको मन फर्काउन सक्छु
उसमाथि छाएको आशङ्का
खिन्नता, हीनता र भ्रमको बादल
च्यातेर निवारण गर्न सक्छु,
पिरतीको घर बसाएर
निर्धक्क उससित
प्रेमको अभिसार खुशीले गर्न सक्छु ।

मलाई तिम्रो टाकुरामा चुम्न देऊ
कपोलमा म सूर्यबिम्ब भएर
तिम्रो अधरमा टाँस्सिन आइपुग्छु,

म तिम्रो कोखमा निर्झर भएर
निर्मल बगेर
सिर्जनाको अनन्त श्रृङ्खला फुकाउन सक्छु
मलाई सधैँ तिमीलाई
अङ्कमालमा बाँधेर
मेरो पार्वत्य-मोह
राष्ट्र अनुरागको

कोमल तथा विशुद्ध भाव
अन्तरमा साँचेर
म तिम्रो निम्ति कविताको वातावरणमा
कवितामा, विचलित हुन सक्छु
डाँडामाथि एक थुम्का बादल
तिम्रो सौन्दर्य अभिवृद्धिका निम्ति
म प्रसाधन बन्न सक्छु ।

कामदेवको आरक्तिले
तिम्रो हिस्सी परेको मुहारमा
एक नजरले हेरेपछि
तिम्रो अकिञ्चन स्वरुपमा
मेरो मायाको सरोवर, सगबगाई उठ्छ
जुनेली प्रतिबिम्बमा
म आफूलाई हराउँछु
तपस्वीको अनुभव गर्दै
तिम्रो प्राप्तिको चाह
मनभरि हुर्काएर ।
पर्वत मैले तिमीलाई ....।

६ ६ ६